# स्थानीय राजपत्र

## भाग-१

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-१ संग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्ड:२ संख्या: ११ मिति: २०७६/०३/१८

# अपिहिमाल गाँउपालिका स्थानीय खेलकुद बिकास ऐन २०७६

प्रस्तावना :

खेलकुदको माध्यमबाट युवा, विद्यार्थी तथा सम्पूर्ण जनसमुदायहरुको शारीरिक, बौद्धिक, मानसिक क्षमताको विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न तथा खेलकुदको माध्यमबाट रोजगारको समेत सृजना गर्न, सबै किसिमका खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा यस गाउँपालिका क्षेत्र भित्र खेलकुद क्षेत्रलाई व्यवस्थित गरी यस क्षेत्रको समग्र बिकास गर्न बान्छनिय भएकोले,

संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरी अपिहिमाल गाउँपालिका गाउँ सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यस ऐनको नाम "अपिहिमाल गाउँपालिका स्थानिय खेलकुद विकास ऐन २०७५" रहेको छ ।

२. यो ऐन स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क. "समिति" भन्नाले दफा ३ बमोजिम स्थापना भएको अपिहिमाल गाउँपालिका स्थानीय खेलकुद विकास समिति सम्झनु पर्दछ ।

ख. " अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ग. "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव समेत जनाउने छ ।

घ. सदस्य सचिव भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्छ ।

ङ. "वडा खेलकुद समिति" भन्नाले दफा १२ बमोजिम गठित वडा खेलकुद समिति सम्झनु पर्दछ ।

च. "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

छ. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तंगत बनेको नियम वा कार्यविधि वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ज. "कोष" भन्नाले दफा २० बमोजिम अपिहिमाल गाउँपालिका स्थानीय खेलकुद समितिको कोष सम्झनु पर्छ ।

(झ) "गाउँकार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ञ) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ ।

३) **समितिको गठन** : (१) स्थानीय खेलकुदको विकास गर्नको लागि स्थानीय खेलकुद समितिको नामले एक समितिको गठन हुनेछ ।

(२) उप दफा १ बमोजिम स्थापना हुने समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् ।

क) शिक्षा युवा तथा खेलकुद शाखा संयोजक अध्यक्ष

ख) शिक्षा युवा तथा खेलकुद शाखा अधिकृत सदस्य

ग) क्षेत्रिय तथा राष्ट्रिय खेल क्षेत्रमा प्रतिभा आर्जन गरेका कम्तिमा १ जना महिला सहित ३ जना खेलाडि पर्ने गरी गाउँकार्यपालिकाबाट मनोनित सदस्य

घ) प्रतेक वडा बाट वडा खेलकुद समितिका अध्यक्षहरु छ जना सदस्य

ङ) गाउँपालिका भित्रका विदधालयहरु प्रा वि, आधारभुत, तथा माध्यमिक बिदधालय समेटने गरी गाउँकार्यपालिका बाट मनोनित ३ जना सदस्य

च) प्रतिनिधि..........

छ) गाउँकार्यपालिकाले सदस्यहरु मध्यबाट समितिको सदस्य सचिव नियुक्ति गर्नेछ ।

ज) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको कार्यालय तोकिएको ठाउँमा हुनेछ ।

४) **समितिको संरक्षक** : (१) गाउँपालिका अध्यक्ष समितिको संरक्षक हुनेछन ।

(२) समितिले वार्षिक प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ ।

(३) संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

५) **समिति स्वशासित संगठित संस्था हुने** : (१) समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) समितिको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) समितिले व्यक्ति सरह नालिस उजुर गर्न र समिति उपर पनि सोही नामबाट नालिस उजुर लाग्ने छ ।

६) पदावधि : (१) मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त भएमा बाँकि पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पुर्ति गरिनेछ ।

(३) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिशमा गाउँकार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो सदस्यलाई कार्वाही गर्दा सफाइ दिने मौकाबाट वञ्चित गरिने छैन ।

७) सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :,

(क) गैर नेपाली नागरिक,

(ख) साहुको ऋण तिर्न नसकि दामासाहीमा परेको,

(ग) मगज बिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(ङ) अपिहिमाल गाउँपालिकामा स्थाइ बसोबास नभएको,

(च) पच्चिस वर्ष उमेर पुरा नभएको ।

८) सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिने छ :

(क) दफा ७ बमोजिम सदस्यता बहाल अयोग्य भएमा,

(ख) मृत्यु भएमा

(ग) बसाइ सराइ गरी गएमा

(घ) सदस्यले राजीनामा गर्नेमा वा

(ङ) समितिलाई कारण सहितको सुचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

९. **समितिको बैठक र निर्णय** : (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने छ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठक वर्षमा तीन पटक बस्नेछ । आवश्यकता परेमा तीन भन्दा बढी पटक पनि बस्न सक्नेछ ।

(४) जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले मनासिब माफिकको कारण देखाइ बैठक बोलाउन माग गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(७) सदस्य सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खेलकुदको विकास गर्न समय समयमा वडा, गाउँपालिका, अन्तर गाउँपालिका र क्षेत्रिय स्तरका खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने ।

(ख) स्थानीय सरकारलाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने ।

(ग) खेलकुद सम्बन्धी प्रतियोगितामा भाग लिन खेलाडी, समिति सदस्य तथा कर्मचारीलाई गाउँपालिका भन्दा बाहिर पठाउन व्यवस्था गर्ने ।

(घ) खेलकुदको विकास गर्न आवश्यकता अनुसार गाउँपालिका क्षेत्र भित्र रंगशाला तथा खेलकुद मैदान निर्माण गरी संचालन गर्ने ।

(ङ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी प्रशिक्षकहरुबाट तालीम दिलाउने व्यवस्था गर्ने तथा उपयुक्त खेलाडी छनौट गरी तालीममा पठाउने ।

(च) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोग प्रदान गर्न गाउँपालिकालाई सिफारिश गर्ने ।

(छ) विद्यालय स्तरीय खेलकुद प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिता सम्बन्धमा प्रचार प्रसार गर्ने ।

(ज) खेलकुद विकासको लागि वडाहरुमा वडा खेलकुद समिति गठन गर्ने ।

(झ) खेलकुद सम्बन्धी संस्थाहरुलाई समय समयमा आवश्यक निर्देशन दिने ।

(ञ) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिश गर्ने ।

(ट) खेलकुद विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने ।

११. <u>समिति वा उपसमिति गठन गर्न सक्ने</u> : (१) समितिले यो ऐन वा यस ऐन बमोजिम बनेको नियम अनुसार आफुले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. <u>वडा खेलकुद विकास समिति</u> : (१) खेलकुदको विकास र विस्तार गर्नको लागि समितिले तोके बमोजिम प्रत्येक वडाहरुमा वडा खेलकुद समिति गठन गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम गठित वडा खेलकुद समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. <u>खेलकुद सम्बन्धी संस्थाको दर्ता</u> : (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले समितिमा समेत दफा १४ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी संस्थाले अर्घाखाँची गाउँपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न पाउने छैन ।

१४. <u>नाम दर्ताको लागि दरखास्त दिनु पर्ने</u> : (१) समितिमा नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ :

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकुदको किसिम,

(ग) कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उप दफा (१) बमोजिम दरखास्त दिदा संस्थाले आफ्नो विधानको एक प्रति प्रतिलिपी समेत दरखास्त साथ पेश गर्नु पर्नेछ।

१५) खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने : (१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि खेलकुद सम्बन्धी संस्थाको दरखास्त परेको मितिले ३० दिन भित्र समितिले आवश्यक जाचबुझ गरि त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दर्ता गर्न सक्नेछ।

(२) उप दफा (१) बमोजिम नाम दर्ता गरिएकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने भएमा दर्ता गर्न नसकिने व्यहोरा सहितको सूचना त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१६) हेरफेरको सूचना गर्नु पर्ने : (१) यो ऐन बमोजिम दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले आफ्नो विधानमा कुनै हेरफेर गरेमा त्यसरी हेरफेर गर्नुको कारण सहितको सूचना पन्ध्र दिन भित्र समितिलाई दिनु पर्नेछ।

(२) उप दफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिब देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा दर्ता लगतमा जनाई अद्यावधिक गर्नु पर्नेछ।

१७) खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने : (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसावको श्रेस्ता समितिले तोकेको ढाँचामा राख्नु पर्नेछ।

(२) उप दफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ समितिले जहिले सुकै पनि गराउन सक्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाव किताव अनियमित भएको वा हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाव किताव नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धीत व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउन सक्नेछ।

१८) समितिले निर्देशन दिन र दर्ता खारेज गर्न सक्ने : (१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकास सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उप दफा (१) बमोजिम समितिले दिएको निर्देशन पालना नगर्ने वा दफा १७ बमोजिम संस्थाको आम्दानी खर्चको हिसाव किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता किताववाट समेत हटाउन सक्नेछ।

(३) उप दफा (२)बमोजिम समितिले आफ्नो दर्ता किताबबाट नाम हटाएमा त्यसको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

१९) समितिको स्वीकृति लिनु पर्ने : खेलकुद सम्बन्धी संस्थाले क्षेत्रीय तथा राष्ट्रिय खेलकुद प्रतियोगिता वा खेलकुद सम्बन्धी कार्यक्रममा भाग लिन वा सदस्य तथा खेलाडीहरु लाई पठाउन समितिको स्वीकृति लिनु पर्नेछ।

२०) समितिको कोष : (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त रकम,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(घ) खेलकुद कार्यक्रम प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(३) समितिको कोषमा रहने रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ।

२१) लेखा र लेखापरीक्षण : (१) समितिको ले प्रचलित कानून बमोजिम लेखा राख्नुपर्नेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

२२) सदस्यहरुको भत्ता : (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन।

२३) सदस्य सचिवको पारिश्रमिक र भत्ता : (१) सदस्य सचिवले समितिमा पूरा समय काम गरे बापत तोकिए बमोजिम मासिक पारिश्रमिक पाउनेछ।

२४) समितिको कर्मचारी : (१) समितिले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) उप दफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

२५. **अधिकार प्रत्यायोजन** : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य सचिव वा सदस्यहरु वा उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **गाउँपालिकाले निर्देशन दिन सक्ने** : (१) गाउँपालिकाले खेलकुदका विकासको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२७. **सजाय** : (१) समितिका कुनै पनि सदस्य वा कर्मचारीले जानी जानी वा लापरबाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी हुने कार्य गरेमा बिगो असुल उपर गरि प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्तिका लागि समितिले गाउँकार्यपालिकाको स्वीकृति लिई आवश्यक नियमहरु बनाउन सक्नेछ । "अपिहिमाल गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि २०७४" भएको कामकार्बाही यसै ऐन अनुसार गठन भएको मानिने छ ।

आज्ञाले,

नाम : लोकराज जोशी

प्रमुख प्रशासकीय अधिकृत